खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खडक नगरपालिकाद्धारा प्रकाशित

खण्ड:९ संख्या:५ कार्यपालिकाबाट पारित मिति : २०८२/१०/२२

## खडक नगरपालिका, सप्तरी
## एकल महिलाहरुको वडा तथा नगरस्तरीय संजाल गठन तथा परिचालन कार्यविधी, २०८२

# खडक नगरपालिका, सप्तरी
# एकल महिलाहरुको वडा तथा नगरस्तरीय संजाल गठन तथा परिचालन कार्यविधी, २०८२

सप्तरी जिल्लाको खडक नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको एकल महिलाहरुको सचेतना अभिवृद्धि गरी क्षमता विकास गराई सक्षम नगरपालिका तयार गर्ने आवश्यकता महशुस गरी एकल महिलाहरुलाई समेटी खडक नगरपालिकाका ११ वटै वडामा वडास्तरीय समिति र खडक नगरपालिकामा नगरस्तरीय संजाल गठन गरी परिचालन गर्न मध्येनजर गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधी बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधीको नाम खडक नगरपालिका भित्र बसोवास गर्ने एकल महिलाहरुको वडास्तरीय समिति तथा नगरस्तरीय संजाल गठन र परिचालन सम्बन्धी कार्यविधी, २०८२ रहने छ ।

(ख) यो कार्यविधी खडक नगरपालिकाको कार्यपालिको बैठकद्धारा पारित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधी:

(क) खडक नगरपालिका भित्र बसोबास गर्ने "एकल महिला" भन्नाले यस खडक नगरपालिका भित्र स्थायी बसोबास गरेका,श्रीमानको मृत्यु भएका/सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको, ३५ वर्ष सम्म विवाह नगरी बसेको नेपाली महिलाहरुलाई सम्झनु पर्दछ ।

(ख) "वडा स्तरीय समिति" भन्नाले यस खडक नगरपालिका भित्र रहेका ११ वटा वडाहरुमा सम्बन्धीत वडामा दफा २ (क) बमोजिमका नेपाली महिलाहरुबाट समिति गठन गरेको सम्झनु पर्दछ ।

(ग) "नगरस्तरीय संजाल" भन्नाले यस खडक नगरपालिका भित्र रहेका ११ वटै वडाहरुमा दफा ३.१ बमोजिम गठन भएका सस्थाहरुबाट दफा ३.२ बमोजिम गठन भएको संजाललाई सम्झनुपर्दछ ।

(घ) "समिति" भन्नाले यस कार्यविधीको दफा ३.१ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

(ङ) "कार्यविधी" भन्नाले खडक नगरपालिका भित्र बसोबास गर्ने एकल महिलाहरुको वडास्तरीय समिति र नगरस्तरीय संजाल गठन र परिचालन सम्बन्धी कार्यविधी, २०८२ लाई सम्झनुपर्दछ ।

(च) "संरक्षक" भन्नाले यस खडक नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले यस कार्यविधी बमोजिम गठन हुने वडा समिति र नगर संजालका प्रमुखलाई सम्झनुपर्दछ ।

(ज) "उपाध्यक्ष" भन्नाले यस कार्यविधी बमोजिम गठन हुने वडा समिति र नगर संजालको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(झ) **"सचिव"** भन्नाले **यस कार्यविधी** बमोजिम गठन हुने वडा समिति र नगर संजालको सचिवको कार्य गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्दछ ।

(ञ) **"कोषाध्यक्ष"** भन्नाले यस कार्यविधी बमोजिम गठन हुने वडा समिति र नगर संजालको कोषाध्यक्ष लेखाको कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

३. **वडा समिति गठन:**

३.१ यस खडक नगरपालिकाको वडा भित्र स्थायी रुपमा बसोबास गरेका नेपाली नागरिक एकल महिलाहरुको भेलाबाट वडा स्तरीय समिति कम्तीमा ७ सदस्य रहने गरी गठन गरिने छ ।

समितिको सल्लाहकारमा वडाको अध्यक्ष तथा वडा स्तरीय महिला संजालका सदस्यहरु मध्येबाट १ जनालाई राख्न सकिने छ ।

३.१ (क) दफा ३.१ बमोजिम गठन भएको वडा समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

**३.२ नगरस्तरीय एकल महिला संजाल गठन**

(क) खडक नगरपालिकाका ११ वटा वडाका वडा समितिको भेलाबाट दफा २ (क) बमोजिमको महिलाहरुबाट कम्तीमा ११ जना सदस्यहरु रहने गरी नगरस्तरीय एकल महिला संजाल गठन गरिनेछ ।

समितिको सल्लाहकारमा नगरपालिकाका नगर उप प्रमुख तथा नगरस्तरीय महिला संजालका सदस्यहरु मध्येबाट १ जनालाई राख्न सकिने छ ।

(ख) दफा ३.१ र ३.२ बमोजिम गठन भएको समिति तथा संजालका बैठक चौमासीक रुपमा नियमित बस्ने छ र आवश्यकता परेमा आवश्यकता अनुसार पनि राख्न सकिने छ ।

(ग) उपदफा (क) बमोजिम गठन भएको नगरस्तरीय संजालमा लैङ्गिक हिंसाबले महिलाको प्रतिधित्व नभएमा संजालको बैठकद्वारा सदस्य महिलाहरुलाई मनोनित गर्न सक्नेछ ।

(घ) उपदफा ३.२ (क) बमोजिम गठन भएको नगरस्तरीय संजालको कार्यकाल ३ वर्षको हुनेछ ।

३.३ **समिति तथा संजालका काम कर्तव्य** र अधिकार:

(१) **वडा समितिको काम कर्तव्य** र अधिकार:

(क) दफा ३.१ बमोजिम गठन भएको वडा समितिले एकल महिलाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न, क्षमता विकास र सीप मुलक तालिम संचालन गर्ने योजना बनाई नगर संजाल मार्फत नगरपालिका कार्यालयमा पेस गर्ने ।

(ख) वडास्तरमा रहेका एकल महिलाहरुको उमेर पहिचान गरी उमेरगत रुपमा क्षमता विकास तथा सीप विकास तालिममा सहभागी गराउने ।

(ग) पालिका तथा वडास्तरमा विनियोजित कार्यक्रमहरुमा छुट्टईएको बजेट शिर्षक मार्फत सबै एकल महिलाहरुलाई क्षमता विकास र आयआर्जन गर्ने सीपमुलक तालिम गोष्ठीमा सहभागिता गराउने साथै प्रशिक्षण संचालनमा नगरपालिका कार्यालय सँग समन्वय गर्ने ।

(घ) अन्य संघसंस्थाहरुबाट सम्बन्धीत लक्षित वर्ग (एकल महिला) हरुलाई कुनै क्षमता विकास तथा आयआर्जनका कार्यक्रम गर्न सहयोग प्राप्त भएमा सहभागी गराउने र कार्यक्रम सहभागीहरु सहित अन्य व्यहोरा सुरक्षित साथ राखी पालिकामा पेश गर्ने ।

(ङ) कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब विपन्न वर्गका तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका न्यून चेतना भएका तथा आयआर्जनको स्रोत अभाव भएका महिलाहरुलाई पहिलो प्राथमिकता दिई समितिले छनोट गर्नुपर्ने छ ।

(च) वडा स्तरमा सम्पन्न भएको कार्यक्रमको प्रगति विवरण चौमाशिक रुपमा नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने छ ।

(२) **नगर संजालको काम कर्तव्य र अधिकार:**

यस कार्यविधीको दफा ३.२ बमोजिम गठिन नगर संजालको काम कर्तव्य र अधिकार:

(क) दफा ३.२ बमोजिम गठन भएको नगर संजाले महिलाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न ।

(ख) नगरस्तरमा रहेका एकल महिलाहरुको उमेर पहिचान गरी उमेरगत रुपमा क्षमता विकास तथा सीप विकास तालिममा सहभागी गराउने ।

(ग) पालिका तथा वडास्तरमा विनियोजित कार्यक्रमहरुमा छुट्टईएको बजेट शिर्षक मार्फत सबै एकल महिलाहरुलाई सहभागी गराउन उत्प्रेरित गर्दै क्षमता विकास र आयआर्जन गर्ने सीपमुलक तालिम गोष्ठी प्रशिक्षण संचालनमा नगरपालिका कार्यालय सँग समन्वय गरी कार्यक्रमका सहभागीहरु छनोट गर्ने र अन्य आवश्यक विवरण पालिकामा अनिवार्य पेश गर्ने ।

(घ) अन्य संघसंस्थाहरुबाट सम्बन्धीत लक्षित वर्ग (एकल महिला) हरुलाई कुनै क्षमता विकास तथा आयआर्जनका कार्यक्रम गर्न सहयोग प्राप्त भएमा सहभागी गराउने र कार्यक्रम सहभागीहरु सहित अन्य व्यहोरा सुरक्षित साथ राख्ने र कार्यक्रम हुनभन्दा पहिला पालिका सँग समन्वय गरी कार्यक्रमका सहभागीहरु छनोट गर्ने र अन्य आवश्यक विवरण पालिकामा अनिवार्य पेश गर्ने पेश गर्ने ।

(ङ) कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब विपन्न वर्गका तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका, न्यून चेतना भएका तथा आयआर्जनको स्रोत अभाव भएका महिलाहरुलाई पहिलो प्राथमिकता दिई संजालले छनोट गर्नुपर्ने छ ।

(च) नगर स्तरमा सम्पन्न भएको कार्यक्रमको प्रगति विवरण चौमाशिक रुपमा नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने छ ।

(३) **नगर संजालको अध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) नगर संजालको बैठकको अध्यक्षता गर्ने,
(ख) नगर संजालको तर्फबाट गर्ने सम्पुर्ण कामको प्रतिनिधित्व गर्ने,
(ग) नगर संजाल र वडा समितिलाई नेतृत्व गर्ने,
(घ) अन्य आवश्यक कामहरु गर्ने ।

(४) **नगर संजालको अध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) अध्यक्षलाई सहयोग गर्ने,
(ख) अध्यक्ष्यको अनुपस्थीतिमा नगर समितिको बैठकको अध्यक्षता गर्ने,
(ग) अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

(५) **नगर संजालको सचिवको काम कर्तव्य र अधिकार:**

(क) अध्यक्षको सहमतिमा नगर समितिको बैठक बोलाउने,
(ख) बैठकको उपस्थीति उठाई बैठक संचालन गर्ने,
(ग) अध्यक्षले तोकेको अन्यकाम गरी अध्यक्षलाई सहयोग गर्ने,
(घ) कुनै कारणबस कार्यक्रमहरुमा उपस्थीत हुन नसकेमा आफ्नो कामको जिम्मेवारी सह-सचिवलाई जानकारी गराई हस्तान्तरण गर्नुपर्ने छ ।

(६) **नगर संजालको कोषाध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) अध्यक्ष सँग सल्लाह गरी नगर संजालको आय व्ययको हिसाब दुरुस्त राखी लेखा परिक्षण गर्ने,
(ख) नगर संजालको कोष सम्बन्धी अन्यकाम गर्ने ।

(७) **वडा संजालका अन्य पदका व्यक्तिहरु** तथा सम्पुर्ण सदस्यहरुले **संयोजकलाई सहयोग गरी नगर संजाललाई सफल पार्ने ।**

(८) **वडा समितिका अध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) वडा संजालको बैठकको अध्यक्षता गर्ने,
(ख) वडा संजालको तर्फबाट गर्ने सम्पुर्ण कामको प्रतिनिधित्व गर्ने,
(ग) वडा संजाल र वडा समितिलाई नेतृत्व गर्ने,
(घ) अन्य आवश्यक कामहरु गर्ने ।

(९) **वडा समिति उपाध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) अध्यक्षलाई सहयोग गर्ने,
(ख) अध्यक्षको अनुपस्थीतिमा नगर समितिको बैठकको अध्यक्षता गर्ने,
(ग) अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

(१०) **वडा समितिको सचिवको काम** कर्तव्य र अधिकार:
- (क) अध्यक्षको सहमतिमा वडा समितिको बोलाउने,
- (ख) बैठक संचालन गर्ने,
- (ग) अध्यक्षले तोकेको **अन्यकाम** गरी अध्यक्षलाई सहयोग गर्ने ।
- (घ) कुनै कारणबस कार्यक्रमहरुमा उपस्थीत हुन नसकेमा आफ्नो कामको जिम्मेबारी सहसचिवलाई जानकारी गराई हस्तान्तरण गर्नुपर्ने छ ।

(११) वडा संजालको **कोषाअध्यक्षको काम** कर्तव्य र अधिकार:
- (क) अध्यक्ष सँग सल्लाह गरी वडा संजालको आयव्ययको हिसाब दुरुस्त राखी लेखा परिक्षण गर्ने,
- (ख) वडा संजालको कोष सम्बन्धी अन्य काम गर्ने ।

(१२) **वडा संजालका अन्य पदका व्यक्तिहरु** तथा सम्पुर्ण सदस्यहरुले **संयोजकलाई सहयोग गरी वडा संजाललाई पूर्णता दिने ।**

(१३) कोषको व्यवस्था:
- (क) एकल महिला नगर संजाल र एकल महिला वडा संजालको लागि कोषको व्यवस्था देहाय बमोजिम हुनेछ ।
- (ख) कोषमा रकम जम्मा गर्नुभन्दा अगाडि खर्च मापदण्ड कार्यविधी बनाई खाता संचालतथा स्थापना गरिनेछ ।
- (ग) नगर कार्यपालिकाले निर्णय गरी यस एकल महिला सुरक्षा कोष पालिकास्तरमा संचालन गरिनेछ र सो कोषमा जम्मा भएको रकम आवश्यकता अनुसार पालिकामा भएका एकल महिलाहरुको समूह/समिति/संस्था मार्फत परिचालन गरिनेछ ।

स्वीकृत मिति: २०८२/१०/२२

आज्ञाले

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत